नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## सिलगढी, डोटी

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३)र सूचनाको हकसम्बन्धी नियमावली, २०६५को नियम ३ बमोजिम सार्वजनिक गरिएको)



## २०८३ बैशाख देखि असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरुको

## स्वतः प्रकाशन (Proactive Disclosure)

प्रकाशित मितिः २०८३ असार ३२ गते

# प्रमुख जिल्ला अधिकारी र सूचना अधिकारी



कल्पना घिमिरे नेपाल

प्रमुख जिल्ला अधिकारी

कार्यालय प्रमुख

(सम्पर्क नं.: ९८५८४३७७७७)

सुरेन्द्र प्रसाद जोशी

ना.सु.

सूचना अधिकारी

(सम्पर्क नं.: ९८६४३२३७३७)

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

०९४ - ४२०१५१
dao.doti68@gmail.com
daodoti@moha.gov.np

सिलगढी
डोटी, नेपाल ।

प.सं. २०८२/०८३
चलानी नं.

## हाम्रो भनाई

नेपालको संविधानको धारा २७ मा प्रत्याभूत एवं धारा २८ मा व्यवस्थित सूचनाको हकलाई संरक्षण गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(४) रसूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले सार्वजनिक सरोकार एवं गतिविधिहरूको विवरण प्रत्येक ३/३ महिनामा तोकिएका विवरणहरू समावेश गरी प्रकाशन गर्नुपर्ने व्यवस्था छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावली, २०६५ को नियम ३ ले व्यवस्था गरेका विभिन्न शिर्षक बमोजिमका सूचनाहरू आम नागरिकको सुसूचित हुने हकलाई ध्यानमा राख्दै नागरिकले माग नगरे पनि आफ्नो निकायको जवाफदेहिता, पारदर्शिता र विश्वसनियताका लागि नियमित रुपमा विवरण स्वतःप्रकाशन(proactive Disclosure) गर्नुपर्ने विश्वव्यापी मान्यता हो ।

यसका अलावा नेपालको संविधानले प्रत्येक नागरिकलाई सार्वजनिक सरोकारको सूचना माग्ने र पाउने हकको व्यवस्था गरेको तथा विश्वव्यापी मानव अधिकार घोषणापत्र, १९४८ को धारा १९ मा प्रत्येक व्यक्तिलाई सूचना माग्ने, पाउने र प्रवाह गर्ने हकको व्यवस्था गरेकोले सूचनाको स्वःस्फुर्त प्रवाहलाई बढावा दिनु वाञ्छनीय हुन आउँछ ।

यहि मान्यतालाई मध्यनजर गर्दै यस जिल्ला प्रशासन कार्यालय, डोटीले यसअघि झैं २०८३ को बैशाख-असार महिनामा भए गरेका स्वतः प्रकाशन गर्न मिल्ने सम्पूर्ण गतिविधिहरूको विवरण प्रकाशित गरेको छ। यस कार्यालयसँग सम्बन्धित आफ्नो व्यक्तिगत एवं आम नागरिकको सरोकारका कुनै पनि विषयका सूचना आवश्यक परेमा यस जिल्ला प्रशासन कार्यालय, डोटीमा सम्पर्क गर्नुहुन आम नागरिकहरूलाई हार्दिक आग्रह गर्दछौं। साथै नागरिकहरूले पनि आफ्नो सुसूचित हुने हकको प्रयोग गर्दै सार्वजनिक निकायहरूलाई पारदर्शी र जवाफदेही बनाउनको लागि सहयोग गर्न अनुरोध गर्दछौं।

| | | |
|---|---|---|
| २०८३ असार ३२ गते | सुरेन्द्र प्रसाद जोशी<br>सूचना अधिकारी<br>ना.सु. | कल्पना घिमिरे नेपाल<br>प्रमुख जिल्ला अधिकारी |

प्रमुख जिल्ला अधिकारी

विषय सूची

१. डोटी जिल्लाको परिचयः ........................................................................ १

१.१ संक्षिप्त ऐतिहासिक पृष्ठभूमि :........................................................................ १

१.२ भौगोलिक अवस्थिति तथा जलवायु :........................................................................ १

१.४ भाषा रधर्म :........................................................................ ३

१.५ साक्षरता दरः........................................................................ ३

१.६ जातजाती अवस्था :........................................................................ ४

२. कार्यालयको परिचय र कार्यक्षेत्र :........................................................................ ५

२.१ जिल्ला प्रशासन कार्यालय डोटीको पूर्व ईतिहास :........................................................................ ५

२.२ कार्यालयको प्रकृति :........................................................................ ५

३. जिल्ला प्रशासन कार्यालय, डोटीको उद्देश्यः........................................................................ ६

४. जिल्ला प्रशासन कार्यालयको काम कर्तव्य र अधिकार :........................................................................ ६

५. कार्यालयबाट प्रदान गरिने सेवाहरूः........................................................................ ७

९. २०२८ साल देखि हालसम्मका प्रमुख जिल्ला अधिकारीहरूः ........................................................................ ११

**१०. सेवा प्रवाहमा लाग्ने समय (टाईम कार्ड)**........................................................................ १३

११. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारीः........................................................................ १३

१२. निर्णय उपर उजुरी सुन्ने अधिकारीः........................................................................ १३

१३. सम्पादन गरेको कामको विवरणः आ.व. २०८२/०८३ बैशाख देखि असार मसान्तसम्मको प्रगति विवरणः.......... १४

**१५. शान्ति सुरक्षा व्यवस्थापनः**........................................................................ १५

**१६. जिल्ला प्रशासन कार्यालय, डोटीबाट भएका सिर्जनशील कार्यहरूः**........................................................................ १६

**१७. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम, पद र सम्पर्क नं.:** ........................................................................ १६

**१८.अडियो नोटिस बोर्ड, वेवसाइट र पेजः** ........................................................................ १६

२१. कार्यालयमा सूचना मागसम्बन्धी परेका निवेदन र सूचना दिईएको विषयः........................................................................ १८

२२. कार्यालयका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरणः........................................................................ १८

२३. सूचनाको हकसम्बन्धी महत्वपूर्ण जानकारीहरूः........................................................................ १८

२४. सम्पर्क ........................................................................ १९

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय डोटी

प्रमुख जिल्ला अधिकारी

## १. डोटी जिल्लाको परिचयः

डोटी जिल्ला नेपालको सुदूरपश्चिम प्रदेशमा रहेको पहाडी जिल्ला हो । प्राकृतिक सम्पदा तथा धार्मिक स्थलहरु र संस्कृतिले डोटी सम्पन्न छ। साथै यो जिल्ला भौगोलिक, जैविक, सामाजिक, साँस्कृतिक विधितायुक्त छ । जिल्लाको परिचय निम्नानुसार वर्गिकरण गरी प्रस्तुत गरिएको छ ।

### १.१ संक्षिप्त ऐतिहासिक पृष्ठभूमि :

१३औं शताव्दी तिर निरञ्जन मल्लद्धारा स्थापित डोटी राज्य नेपालमा गाभिनु पूर्वसम्म शक्तिशाली राज्यको रुपमा रहेको देखिन्छ। १८४६ मा गोर्खाली फौजसँगको पराजय पश्चात नेपाल राज्यमा गाभिए देखि २००७ साल पूर्वसम्म राणाकालीन समयमा पश्चिम कमाण्डिङ जर्नेलद्वारा प्रशासित र २००७ सालपछि मुलुकमा आन्तरिक व्यवस्था सञ्चालनका लागि पहिलो पटक केन्द्रमा गृह मन्त्रालय मातहत गौडा/गोश्वारा र मूख्य प्रशासकीय अधिकारीको रुपमा बडाहाकिमको व्यवस्था भए बमोजिम डोटी गौंडाको रुपमा यस जिल्लाबाट कार्यसम्पादन हुँदै आएको थियो ।

२०१७ सालको परिवर्तन र २०१८ सालमा मुलुकलाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेपश्चात् डोटी सेती अञ्चलको छुट्टै जिल्लाको रुपमा रहेको पाइन्छ।

### १.२ भौगोलिक अवस्थिति तथा जलवायु :

साविकमा सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत पर्ने डोटी जिल्ला हाल सुदूर पश्चिम प्रदेशमा पर्दछ। सिलगढीमा जिल्ला सदरमुकाम रहेको यस जिल्लाको पूर्वमा अछाम र सुर्खेत, पश्चिममा डडेल्धुरा र बैतडी, उत्तरमा बझाङ, वाजुरा तथा दक्षिणमा कैलाली जिल्लाहरू रहेका छन् ।

डोटी जिल्ला समुद्र सतहदेखि ६०० मिटर देखि ३४३० मिटरको उचाईमा रहेको छ। भौगोलिक असमानता र विवधताका कारण यहँको हावापानीमा विषमता पाईन्छ । यस जिल्लाको ६०% भू-भाग समशीतोष्ण, १७% भू-भाग अर्धोष्ण र २३% भू-भाग शित प्रदेसमा पर्दछ । यस जिल्लामा औषत वार्षिक १३४.७ मिलिमिटर बर्षा हुन्छ।

डोटी जिल्ला २८.५२° उत्तरी अक्षांश देखि २९.२८° उत्तरी अक्षांशसम्म तथा ८०.३०° पूर्वी देशान्तर देखि ८१.१४° पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लामा अधिकतम तापक्रम दिपायलमा ४४°c देखि न्यूनतम तामपक्रम ०.२°c खसड क्षेत्रमा हुने गर्दछ।

यस जिल्लाको जम्मा क्षेत्रफल २०२५ वर्ग कि.मि. रहेकोछ। यो जिल्लाको अधिकांश भू-भाग पहाडी क्षेत्रमा रहेको छ । यस जिल्लाको उत्तरी क्षेत्रमा रहेको भु-भाग र चुरे पूर्वतिरका भू-भाग जंङ्गलले ढाकेको छ । अधिकांश भू-भाग बढी भिरालो धरातल तथा कडा चट्टान र वालुवाले बनेकोले छ । साथै यो क्षेत्र भौगोलिक दृष्टिकोणबाट पनि अति संवेदनशील मानिन्छ।

प्रमुख जिल्ला अधिकारी

२०७८ को जनगणनाअनुसार यहाँ २,०४,८३१ मानिसहरू बसोबास गर्दछन्, जसअनुसार यहाँको जनघनत्व १०१ प्रति वर्ग किलोमिटर हुन आउँछ। यहाँ औषत वार्षिक १३४.७ मिलिमिटर मात्र बर्षा हुन्छ । महिला ६०.९% तथा पुरुष ८२.९% साक्षर रहेको यस जिल्लाको कुल साक्षरता ७०.७% छ । यहाँस्थित डोटी क्याम्पसमा स्नातकोत्तरसम्मको पढाई हुन्छ।



चित्रः डोटी जिल्लाको नक्सा

१.३ राजनैतिक अवस्थाः

एउटामात्र प्रतिनिधिसभा तथा दुईवटा प्रदेश सभा निर्वाचन क्षेत्रहरू रहेको यस जिल्लामा निम्नानुसारका २ वटा नगरपालिकाहरू र ७ वटा गाउँपालिकाहरू रहेका छन् ।

| क.सं. | स्थानीय तहको नाम | वडा संख्या | केन्द्र | क्षेत्रफल (वर्ग कि.मी.) | जनसंख्या २०७८ |
|---|---|---|---|---|---|
| १. | दिपायल सिलगढी नगरपालिका | ९ | सिलगढी | १६२.६२ | ३३,९६८ |
| २. | शिखर नगरपालिका | ११ | तलकोट | २८५.३९ | ३०,३९९ |
| ३. | जोरायल गाउँपालिका | ६ | सरस्वती नगर | ४१९.०९ | १९,७८८ |
| ४. | बडिकेदार गाउँपालिका | ५ | बर्छेन | ३३२.५५ | १४,९०२ |
| ५. | बोगटान फुड्सिल गाउँपालिका | ७ | चवराचौतारा | ३२२.०० | १५,५४० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | के.आई.सिंह गाउँपालिका | ७ | दुर्गामाण्डौं/वायल | १२७.०१ | २०,७३६ |
| ७. | सायल गाउँपालिका | ६ | दुदुलेगडा | १२२.७२ | २०,४५६ |
| ८. | आदर्श गाउँपालिका | ७ | कालिकास्थान | १२८.४७ | २४,४९५ |
| ९. | पूर्वीचौकी गाउँपालिका | ७ | सानागाउँ | ११७.६६ | २१,४९४ |

श्रोत : राष्ट्रिय जनगणना २०७८

## १.४ भाषा र धर्म :

डोटी जिल्लामा जातीय, भाषिक र धार्मिक क्षेत्रमा विविधता पाईन्छ । यस जिल्लामा अधिकांश हिन्दु धर्मावलम्बी भए पनि बौद्ध, ईसाई तथा अन्य धर्मावलम्विहरु पनि बसोवास गर्दछन । २०७८ सालको जनगणना अनुसार यहाँको धार्मिक संरचना निम्नानुसारको रहेको छ ।

| क.सं. | धर्म | प्रतिशत |
|---|---|---|
| १ | हिन्दु | ९९.०% |
| २ | बौद्ध | ०.७% |
| ३ | इस्लाम | ०.१% |
| ४ | क्रिश्चियन | ०.१% |
| ५ | प्रकृति | ०.१% |
| ६ | अन्य (किराँत, जैन, बहाई समेत) | ०.०१०% |

श्रोतः राष्ट्रिय जनगणना २०७८

त्यसैगरी मातृ भाषा बोल्नहरुको जनसंख्या हेर्दा डोट्याली ९०.०६ प्रतिशत, नेपाली ७.४२ प्रतिशत, मगर ०.९८ प्रतिशत, खाम ०.४२ प्रतिशत, ०.१८ प्रतिशत बैतडेली रहेका छन् र बाँकी ०.०४ प्रतिशत अन्य मातृभाषा बोलिदै आएको छ ।

## १.५ साक्षरता दरः

राष्ट्रिय जनगणना २०७८ अनुसार यस डोटी जिल्लाका २ नगरपालिका र ७ वटा गाउँपालिका मध्य जोरायल गाउँपालिकाको साक्षरता सबै भन्दा उच्च ७७.८% रहेको छ भने सबै भन्दा न्युन साक्षरता सायल गाउँपालिकाको ६२.१% रहेको छ। त्यसैगरी दिपायल सिलगढी न.पा. ७३.३%, बडीकेदार गा.पा. ७६.१%, बोगटान फुड्सिल गा.पा. ७०.४%, शिखर न.पा. ६९.०%, के.आई.सिं. गा.पा. ६९.५%, पूर्वीचौकीगा.पा. ६७.९%, आदर्श गाउँपालिका ६७.०%, रहेको छ ।

प्रमुख जिल्ला अधिकारी

### १.६ जातजाती अवस्था :

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस डोटी जिल्लामा ३२ वटा जातजाती र २६ मातृ भाषिहरूको बसोबास रहेको छ । यस जिल्लाका प्रमुख जातजातिहरू निम्नानुसार छन्:

| क्र.सं. | जातजातिको नाम | प्रतिशत |
|---|---|---|
| १ | क्षेत्री | ५९.९३% |
| २ | बिश्वकर्मा/कामी | ११.६७% |
| ३ | ब्राह्मण/पहाड-तराई | ६.७८% |
| ४ | परियार/दमाई | ७.०७% |
| ५ | ठकुरी | ३.५०% |
| ६ | मगर | ३.५५% |
| ७ | मिजार/सार्की | ५.३७% |
| ८ | ठकुरी | ३.३५% |
| ९ | नेवा/नेवार | ०.२९% |
| १० | अन्य (गुरुङ, तामाङ राई, थारु, वादी आदि) | ५.४% |

श्रोतः राष्ट्रिय जनगणना २०७८

डोटी राज्यको पुरानो दरवार दिपायलस्थित सेती नदीको किनारमा भग्नावशेषको रुपमा रहेको छ । डोटीमा मनाईने प्रमुख चाडपर्वहरू, ऐतिहासिक महत्वका स्थलहरू तथा मुख्य जात्राहरू निम्नानुसार रहेका छन्:

| *प्रमुख चाडपर्वहरू* | *ऐतिहासिक स्थलहरू* | | *मुख्य जात्राहरू* |
|---|---|---|---|
| *गौरा* | शैलेश्वरी मन्दिर (सिलगढी) | सहश्रलिङ्ग (खसड) | केदारेश्वर मेला |
| *फाग* | मष्टा मन्दिर (सिलगढी) | भिमछेदनसिला (सरस्वतीनगर) | शैलेश्वरी जात्रा |
| *होली* | राधाकृष्ण मन्दिर (सिलगढी) | सेती कर्णाली दोभान (कानाचौर) | दिपायल जात्रा |
| *विशु* | अशुद्धाला मन्दिर (डौड) | कोटभैरव (दिपायल) | |
| *ओल्के* | मालिका मन्दिर (काडामाण्डौ) | दिल्पेश्वर मन्दिर (दिपायल) | |

बसाइँ सरेर कैलाली, कञ्चनपुर लगायतका तराईका जिल्लाहरूमा जाने क्रम बढ्दो रहेको हुँदा यहाँको जनसंख्या घट्दो क्रममा रहेको छ । विशेष गरी कामको सिलसिलामा छिमेकी मुलुक भारतमा गई ज्याला मजदुरी गरी आय आर्जन गर्ने गरेको पाइन्छ । धान, गहुँ, कोदो, जौ, मकै, मसुरो, भटमास, तोरी, फापर, मास, आलु, बदाम, आदि यहाँका प्रमुख उत्पादनहरू हुन् । यहाँ उत्पादित कृषिबाली तथा फलफूलहरू छिमेकी जिल्लाहरू डडेल्धुरा, कैलालीसम्म समेत व्यापार हुने गरेको पाईन्छ । जिल्ला सदरमुकाम सिलगढी, पिपल्ला, राजपूर, दिपायल, बुडर, जोरायल यहाँका प्रमुख बजारहरू हुन् ।

प्रमुख जिल्ला अधिकारी

२. कार्यालयको परिचय र कार्यक्षेत्र :

२.१ जिल्ला प्रशासन कार्यालय डोटीको पूर्व ईतिहास :

कार्यालयको पूर्वइतिहास केलाउँदा १३औं शताव्दीतिर निरञ्जन मल्लद्धारा स्थापित डोटी राज्य वि.सं. १८४६ मा गोर्खाली फौजसँगको पराजय पश्चात नेपाल राज्यमा गाभिन पुग्यो । केन्द्रबाट प्रशासित हुँदा समेत यस क्षेत्रको मूख्य प्रशासनिक केन्द्रका रुपमा २००७ साल पूर्वसम्म राणाकालीन समयमा पश्चिम कमाण्डिङ जर्नेलद्धारा प्रशासित र २००७ सालपछि मुलुकमा आन्तरिक व्यवस्था सञ्चालनका लागि पहिलो पटक केन्द्रमा गृह मन्त्रालय मातहत गौंडा/गोश्वारा र मूख्य प्रशासकीय अधिकारीको रुपमा बडाहाकिमको व्यवस्था भए बमोजिम डोटी गौंडाको रुपमा परिवर्तित भई परिवर्तित भूमिका अनुरुप कार्य सम्पादन हुँदै आएको थियो ।

२०१७ सालको परिवर्तन र २०१८ सालमा मुलुकलाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेपश्चात डोटीसेती अञ्चलको छुट्टै जिल्लाको रुपमा रहेको र जिल्ला पञ्चायत कार्यालयको नामबाट सेवा प्रवाह गरेको पाइन्छ । कार्यालयको मुख्य प्रशासनिक अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था भै हालसम्म कायम छ । २०३७ सालमा जिल्ला कार्यालय र २०४८ सालपछि जिल्ला प्रशासन कार्यालयको नामबाट जिल्लाको सामान्य प्रशासन सञ्चालन गरी आएको छ ।

स्वतन्त्र डोटी राज्य हुँदाको अवस्था देखि पश्चिम कमाण्डिङ जनरलको कार्यालय/तल्लो ढोकाको नामले समेत चिनिनेगरेकोर डोटी गौंडा हुँदै हाल जिल्ला प्रशासन कार्यालयको रुपमा जिल्लाको प्रमुख प्रशासनिक नेतृत्वदायी भूमिकामा रहेको यस कार्यालयले ऐतिहासिक महत्व बोकेको छ । यसक्षेत्रको मूख्य प्रशासनिक भूमिकामा सधैं आफूलाई अग्रणी सावित गरेको यस कार्यालयले ऐतिहासिक महत्व/गरिमा कायम राख्दै आज पनि आमजनतालाई चुस्त दुरुस्त ढंगले सेवा प्रदान गर्दै आएको छ।

२.२ कार्यालयको प्रकृति :

जिल्ला प्रशासन कार्यालय जिल्ला स्तरमा रहेको संघ अन्तरको मुख्य प्रशासनिक निकाय हो । यस कार्यालयले नेपाल सरकारको प्रतिनिधि निकायका रुपमा रहि जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने, गैर कानूनी कार्य हुन नदिई सुशासनको प्रत्याभूतिका लागि काम गर्ने गर्छ ।

जिल्लामा विकास लगायत जन जीविकाका सवालमा उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, आपूर्ति व्यवस्थापन, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण, प्रचलित कानून अनुसार जनताको गुनासो सुन्नेर समाधान गर्ने, चोरी, ठगी नियन्त्रण गर्ने, सार्वजनिक अपराध नियन्त्रण गर्ने कार्य



प्रमुख जिल्ला अधिकारी

यस कार्यालयले गर्दछ । सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपणजस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि महत्वपूर्ण कार्यहरु जिल्ला प्रशासन कार्यालयले गर्ने गर्छ ।

यस कार्यालयले नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ ले निर्दिष्ट गरेका गृह प्रशासनका अधिकार क्षेत्र भित्र रहेर काम गर्दै आएको छ । संघ, प्रदेश र स्थानीय तहहरूबीच समन्वय र सुरक्षा प्रबन्ध, अपराध रोकथाम तथा नियन्त्रण, दैनिक रुपमा नियमानुसार नागरिकता र राहदानी वितरण, हातहतियार तथा खरखजाना, सार्वजनिक सम्पत्तिको संरक्षण, जुवाजन्य क्रियाकलापहरूको नियन्त्रण, लागू औषध नियन्त्रण, विपद् व्यवस्थापन, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति तथा बजार अनुगमन, सरकारी सवारी साधनको समुचित प्रयोगको व्यवस्था मिलाउने र अन्य आकस्मिक कार्यहरू गर्दै आएको छ ।

स्थानीय प्रशासन ऐन, २०२८ लागू भै उक्त ऐनको दफा (५)ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था र नेपाल सरकारले त्यस कार्यालयको प्रमुख प्रशासकीय अधिकारीका रुपमा प्रमुख जिल्ला अधिकारी नियुक्त गर्ने व्यवस्था अनुरुप नेपाल सरकारको नीति, निर्देशन तथा रेखदेखमा रहि जिल्लाको शान्ति सुरक्षा, अमनचयन कायम गर्न समन्वयकारी भूमिका निर्वाह गर्दै विकास तथा सुशासनका लागि जिम्मेवार प्रशासनिक निकायका रुपमा यस कार्यालयले भूमिका निर्वाह गरि रहेको छ ।

## ३. जिल्ला प्रशासन कार्यालय, डोटीको उद्देश्यः

जिल्लामा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउधनको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको प्रमुख उद्देश्य रही आएको छ। यसका साथै जिल्लामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रही सार्वजनिक सेवा वितरण(Public Service Delivery) लाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गर्ने समेतका उद्देश्यहरू रहेका छन् ।

## ४. जिल्ला प्रशासन कार्यालयको काम कर्तव्य र अधिकार :

- ✓ जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने।
- ✓ गुनासो वा ठाडो उजुरी सुन्ने, आवश्यक कारवाही गर्ने वा सन्बन्धित निकायमा कारवाहीका लागि सिफारिस गरी पठाउने ।
- ✓ जिल्लामा प्रहरी प्रशासनको रेखदेख र नियन्त्रण गर्ने ।

प्रमुख जिल्ला अधिकारी

- ✓ अनुचित नाफाखोरी, दैनिक उपभोग्य सामाग्रीको सञ्चय गरी कृत्रिम अभाव सृजना गर्ने लगायतका गैर कानूनी कार्य हुन नदिन नियमित बजार अनुगमन गर्ने, वस्तु तथा सेवाको आपूर्ति सहज तुल्याउने ।
- ✓ जिल्लास्थित कार्यालयहरुको समन्वय तथा अनुगमन गर्ने, सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्ने ।
- ✓ नागरिकलाई सरल, सुलभ तथा व्यवस्थित रुपमा नागरिकता वितरण गर्ने, राहदानी सिफारीस तथा वितरण गर्ने।
- ✓ नावालक परिचय पत्र तथा त्यसको प्रतिलिपि जारी गर्ने।
- ✓ साविकमा जारी भएका नाता प्रमाणितप्रमाण पत्रको प्रतिलिपि उपलव्ध गराउने, नाम,थर,उमेर फरक परेको सिफारीस गर्ने ।
- ✓ तोकिए बमोजिम आदिवासी जनजाती, दलित, द्वन्द पीडित आदि प्रमाणित गर्ने।
- ✓ हातहतियार, खरखजानाको नियमन तथा नियन्त्रण, विस्फोटक पदार्थको नियन्त्रण गर्ने, हात हतियार नवीकरण तथा इजाजत पत्रको प्रतिलिपि उपलव्ध गराउने ।
- ✓ संस्था दर्ता/नवीकरण, संस्थाको विधान संसोधन, जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृती,पत्रपत्रिका दर्ता,छापाखाना सञ्चालन स्वीकृती आदिसम्बन्धी कार्य गर्ने ।
- ✓ अर्धन्यायिक निकायको हैसियतले न्यायसम्पादनको कार्य गर्ने। विपद व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- ✓ अन्य निकायलाई नतोकिएका कार्यहरु गर्ने ।

५. कार्यालयबाट प्रदान गरिने सेवाहरूः

- ➢ शान्ति सुरक्षा, ठाडो उजुरी तथा गुनासो सम्बन्धी,
- ➢ नागरिकता तथा राष्ट्रिय परिचय पत्र,
- ➢ राहदानी सम्बन्धी,
- ➢ बजार अनुगमन सम्बन्धी,
- ➢ संघ/संस्था तथा पत्र पत्रिका र छापाखाना सम्बन्धी,
- ➢ दलित, आदिवासी/जनजाति लगायत अन्य सिफारिस सम्बन्धी,
- ➢ सार्वजनिक सेवा प्रवाहमा समन्वय रेखदेख र नियन्त्रण सम्बन्धी,
- ➢ विपद व्यवस्थापन सम्बन्धी,
- ➢ प्रचलित नेपाल कानून र नेपालसरकारद्वारा तोकिएका अन्य कार्यहरू ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

६. हाल कार्यरत कर्मचारी विवरणः

| सि.नं. | नाम | दर्जा | ठेगाना | सम्पर्क | | कै |
|---|---|---|---|---|---|---|
| | | | | मोबाईल नं | इमेल | |
| १. | कल्पना घिमिरे नेपाल | प्र.जि.अ. | पाल्पा | ९८५८४३७७७७ | dao.doti68@gmail.com | |
| २. | राम बहादुर के.सी. | स.प्र.जि.अ. | | ९८५८४३६६६६ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरणमा काज | |
| ३. | | प्र.अ. | | ९८६४३२३७३७ | | रिक्त |
| ४. | कैलाश सिं साउद | नायव सुब्बा | दि.सि.न.पा. ३, डोटी | ९८४२६७३१०७ | | |
| ५ | मिन वहादुर वोहरा | नायव सुब्बा | गन्यापधुरा-३, डडेल्धुरा | ९८६४३२२२९१ | minbohara637@gmail.com | |
| ६ | सतिष गुरुङ्ग | लेखापाल | दि.सि.न.पा. ६, डोटी | ९८४८४३४७९७ | | |
| ७. | सुरेन्द्र प्र. जोशी | ना.सु. | शैल्यशिखर-९, दार्चुला | ९८४८६०८५४० | pdsurendra@gmail.com | |
| ८. | भावना ओझा भट्ट | ना.सु. | नवदूर्गा गा.पा. डडेल्धुरा | ९८४८८७९८९२ | | |
| ९. | महेश मल्ल | खरिदार | गन्यापधुरा २, डडेल्धुरा | ९८६०६९०७९५ | | |
| १०. | निर्मल ढुंगाना | खरिदार | घोडाघोडी न.पा. ०१ कैलाली | ९८४२८८४२१३ | | |
| ११. | तारा बोगटी | खरिदार | पूर्वीचौकी -२, डोटी | ९८६५१०९१५६ | काज सरुवा भई आउनु भएको | |
| १२. | गौतम ब. रोकाया | क. अ. | सायल-६, डोटी | ९८४८६५५०६३ | | करार |
| १४. | विजय राज जोशी | द.अ. | धनगढी उ.म.न.पा.०१ कैलाली | ९८६३३५५६४० | | ज.दा. |
| १५. | सुवाश परियार | द.अ. | धनगढी-१,कैलाली | ९८४८६५५०८५ | subash.pariyar44@gmail.com | करार |
| १६. | माया कुमारी भट्ट | दर्ता अपरेटर सहयोगी | शैल्यशिखर-९, दार्चुला | ९८४८८९३०४४ | | करार |
| १७. | कृष्ण नेपाली | का.स. | दि.सि.न.पा.-६, डोटी | ९७६७४३९८९७ | | करार |
| १८. | सिताराम राना | ह.स.चा. | धनगढी, कैलाली | ९८४८५४९६५४ | | करार |
| १९. | कृष्ण बहादुर साउद | का.स. | दि.सि.न.पा.-९, डोटी | ९८६५७४६०८७ | | करा |
| २०. | दिपेन्द्र नगरकोटी | का.स. | दि.सि.न.पा.-५, डोटी | ९८६८५५३१९ ५ | | करार |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१. | रत्ना तिमिल्सेना साउद | का.स. | दि.सि.न.पा. ६ डोटी | ९८६३३०४५९७ | | करार |
| २२. | सुस्मिता कठायत गुरुङ्ग | का.स. | दि.सि.न.पा. ६ डोटी | | | करार |


७. कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः

यस कार्यालयलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ। हाल कार्यालयमा कूल २६ स्वीकृत दरबन्दीमध्ये देहाय बमोजिम संख्यामा कर्मचारीहरू कार्यरत रहेका छन् ।

| क.सं. | पद | तह/श्रेणी | कायम दरबन्दी | पद पूर्ति | रिक्त | करारमा पूर्ति | कार्य विवरण | कै |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्र.जि.अ. | रा.प.प्रथम | १ | १ | - | - | जिल्लामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रही सामान्य प्रशासन सञ्चालन गर्ने । | |
| २. | स.प्र.जि.अ. | रा.प.द्वितीय | १ | १ | - | - | प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने । | |
| ३. | प्र.अ. | रा.प.तृतीय | २ | - | २ | - | प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने । | |
| ४. | नायव सुब्बा | रा.प.अनं. प्रथम | ६ | ५ | १ | - | फाँट प्रमुख भई सम्बन्धित फाँटले गर्ने काम सम्पादन गर्ने । | |
| ५. | लेखापाल | रा.प.अनं. प्रथम | १ | १ | - | - | नियमानुसार लेखासम्बन्धी स्रेस्ता राख्ने, लेखापरीक्षण गराउने । | |
| ६. | क. अ. | रा.प.अनं. प्रथम | २ | ० | १ | १ | सूचना प्रविधिसंग सम्वन्धित कार्य/दैनिक कारोबारको प्रविष्टि गर्ने । | |
| ७. | खरिदार | रा.प.अनं. द्वितीय | ४ | ३ | १ | - | सम्बन्धित फाँट प्रमुखको मातहतमा रहि तोकिएको कार्य सम्पादन गर्ने । | |
| ८. | ह. स. चा. | श्रेणी विहिन | २ | - | १ | १ | सवारी साधन चलाउने । | |
| ९. | का. स. | श्रेणी विहिन | ७ | ० | १ | ६ | सरसफाई, चिठीपत्र आदानप्रदान लगायतका कार्यहरू गर्ने । | |
| | जम्मा | | २६ | ११ | ७ | ८ | | |

प्रमुख जिल्ला अधिकारी

## सांगठनिक संरचना




८. सेवा प्रदान गर्ने निकायको शाखा, कार्य र जिम्मेवार अधिकारीः

| क्र.सं. | शाखाको नाम | जिम्मेवार पदाधिकारी | कैफियत |
|---|---|---|---|
| १. | स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा | प्र.जि.अ. कल्पना घिमिरे नेपाल<br>प्र.अ.<br>ना.सु. मिन वहादुर वोहरा<br>खरिदार महेश मल्ल<br>का.स. दिपेन्द्र नगरकोटी | जिल्लाको समग्र सामान्य प्रशासन सञ्चालन, कर्मचारी प्रशासन, आन्तरिक व्यवस्थापन र शान्ति सुरक्षासम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने, पत्राचार गर्ने र अभिलेख व्यवस्थापन गर्ने । |
| २. | नागरिकता शाखा | प्र.अ.<br>ना.सु. कैलाश साउद<br>खरिदार निर्मल ढुङ्गाना<br>खरिदार तारा बोगटी<br>क.अ. गौतम बहादुर रोकाया<br>का.स. कृष्ण नेपाली | वंशज तथा जन्मको आधारमा नागरिकता प्रदान गर्ने, अंगिकृत नागरिकताको हकमा आवश्यक प्रक्रिया पूरा गरी पेश गर्ने र सोको अभिलेख राख्ने । |
| ३. | नागरिकता प्रतिलिपी शाखा | प्र.अ.<br>ना.सु. कैलाश साउद<br>खरिदार निर्मल ढुङ्गाना<br>खरिदार तारा बोगटी<br>क.अ. गौतम बहादुर रोकाया | नागरिकता, नाबालक परिचयपत्रको प्रतिलिपी उपलब्ध गराउने, सोको अभिलेख राख्ने र अभिलेख भिडाउने । |

प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| | | का.स. कृष्ण नेपाली | |
| ४. | राहदानी शाखा | प्र.अ.<br>ना.सु. भावना ओझा भट्ट<br>का.स.रत्ना तिमिल्सेना साउँद | राहदानी जारी गर्ने, सिफारीस गर्ने र अभिलेख राख्ने |
| ५. | मुद्दा तथा ठाडो उजुरी शाखा | प्र.जि.अ. कल्पना घिमिरे नेपाल<br>ना.सु. सुरेन्द्र प्रसाद जोशी<br>का.स. सुस्मिता कठायत गुरुङ्ग | मुद्दा दर्ता र तत्पश्चातका सम्पूर्ण कार्यहरू, मुद्दा व्यवस्थापन, ठाडो उजुरी तथा गुनासा उपर कारवाहि र सिफारिस गर्ने र सोको अभिलेख राख्ने । |
| ६. | जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र | ना.सु. सुरेन्द्र प्रसाद जोशी | प्रकोप व्यवस्थापन सम्बन्धी अभिलेखिकरण, जाहेरी, जिल्ला दैवी प्रकोप उद्धार समितिको बैठकमा पेश गर्ने विषयवस्तुको तयारी, निर्णय कार्यान्वयन र राहत वितरण सम्बन्धी कार्य तथा प्रतिवेदन गर्ने । |
| ७. | आन्तरिक व्यवस्थापन तथा जिन्सी शाखा | ना.सु. सुरेन्द्र प्रसाद जोशी | जिन्सी व्यवस्थापनसम्बन्धी कार्यहरू गर्ने । |
| ८. | आर्थिक प्रशासन शाखा | ले.पा. सतिष गुरुङ्ग<br>का.स. दिपेन्द्र नगरकोटी | आर्थिक प्रशासन सम्बन्धी कार्यहरू गर्ने । |
| ०९. | राष्ट्रिय परिचयपत्र शाखा | द.अ. सुवास परियार<br>द.अ. विजय राज जोशी<br>द.अ.स. माया कुमारी भट्ट | राष्ट्रिय परिचयपत्र सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने। |
| १०. | नागरिक सहायता कक्ष | खरिदार निर्मल ढुंगाना<br>का.स. सुस्मिता कठायत गुरुङ्ग | सबै शाखाको काम कारवाहीको बारेमा सेवाग्राहीहरुलाई जानकारी गराउने। |

## ९. २०२८ साल देखि हालसम्मका प्रमुख जिल्ला अधिकारीहरू:

| सि.नं. | नामथर | अवधी | | फोटो |
|---|---|---|---|---|
| | | देखी | सम्म | |
| १ | श्री बाबुअन ठाकुर | २०२८ | २०३० | |
| २ | श्री जय पृथ्वी बहादुर चन्द | २०३१ | २०३१ | |
| ३ | श्री सुशिलकान्त झा. | २०३१ | २०३१ | |
| ४ | श्री सुर्यनाथ सुवेदी | २०३२ | २०३४/०३/१२ | |
| ५ | श्री पुरुषोत्तम प्रसाद ढकाल | २०३४/०५/०३ | २०३५/०४/०२ | |
| ६ | श्री सुर्यनाथ सुवेदी | २०३५/०४/१९ | २०३६/०६/११ | |
| ७ | श्री विजय प्रसाद रेग्मी | २०३६/०७/१९ | २०३७/०३/०६ | |
| ८ | श्री दिव्यराम भण्डारी | २०३७/०८/१२ | २०३९/०७/०२ | |
| ९ | श्री धन बहादुर बस्नेत | २०३९/०७/१५ | २०४०/११/१२ | |
| १० | श्री कौशल देव जोशी | २०४०/१२/०९ | २०४५/०१/१३ | |
| ११ | श्री तारा प्रसाद घिमिरे | २०४५/०१/१९ | २०४६/१२/२८ | |



प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| १२ | श्री कलाधर शर्मा | २०४६/०३/११ | २०४७/०५/०४ | |
| १३ | श्री केदार मान अमात्य | २०४७/०५/१४ | २०४८/०७/२६ | |
| १४ | श्री किसन सिं थापा | २०४८/०८/२६ | २०४९/०८/२५ | |
| १५ | श्री स्थिर जंग बहादुर सिंह | २०४९/०९/१३ | २०५१/११/०४ | |
| १६ | श्री रत्नाकाजी वज्राचार्य | २०५१/११/१८ | २०५२/११/०४ | |
| १७ | श्री लोक बहादुर खत्री | २०५२/१०/१२ | २०५४/०१/०२ | |
| १८ | श्री रामकृष्ण भुर्तेल | २०५४/०१/०४ | २०५४/०९/१५ | |
| १९ | श्री शम्भु कोइराला | २०५४/०९/२४ | २०५६/०८/०७ | |
| २० | श्री तारानाथ गौतम | २०५६/०८/२७ | २०५९/०९/१२ | |
| २१ | श्री वेदप्रकाश लेखक | २०५९/०९/२८ | २०६१/०८/१५ | |
| २२ | श्री गणेश प्रसाद अचार्य | २०६१/०८/१६ | २०६२/०२/११ | |
| २३ | श्री भोजेन्द्र कुमार क्षेत्री | २०६२/०२/११ | २०६३/०३/२३ | |
| २४ | श्री बलदेब प्रसाद भट्ट | २०६३/०३/२८ | २०६३/१२/२८ | |
| २५ | श्री जनक राज रेग्मी | २०६४/०१/२५ | २०६५/०७/२५ | |
| २६ | श्री गोविन्दमणी भुर्तेल | २०६५/०७/२६ | २०६६/०६/०४ | |
| २७ | श्री भवानी प्रसाद पराजुली | २०६६/०६/२८ | २०६८/०२/३१ | |
| २८ | श्री प्रेम बहादुर खापुङ | २०६८/०२/३१ | २०६९/०९/१५ | |
| २९ | श्री दिल बहादुर घिमिरे | २०६९/०९/१६ | २०६९/१२/०१ | |
| ३० | श्री दिपक काफ्ले | २०७०/०१/१० | २०७१/०२/०३ | |
| ३१ | श्रीगोविन्द बहादुर कार्की | २०७१/०२/०४ | २०७१/०५/२२ | |
| ३२ | श्री लोकनाथ पौडेल | २०७१/०५/२३ | २०७१/१२/०८ | |
| ३३ | श्री मनोहर प्रसाद खनाल | २०७१/१२/१२ | २०७२/०५/२७ | |
| ३४ | श्री यज्ञराज बोहरा | २०७२/०६/०६ | २०७२/११/१० | |
| ३५ | श्री केशव प्रसाद आचार्य | २०७२/११/१३ | २०७३/०८/१० | |
| ३६ | श्री गोकर्ण प्रसाद शर्मा | २०७३/०८/१३ | २०७४/०३/१७ | |
| ३७ | श्री कुमार बहादुर खड्का | २०७४/०३/२६ | २०७४/०७/२६ | |
| ३८ | श्री सूर्य बहादुर खत्री | २०७४/०७/२७ | २०७५/०१/१९ | |
| ३९ | श्री जवरेन्द्र कु मार यादव | २०७५/०१/२० | २०७५/०४/२७ | |
| ४० | श्री यादव सुवेदी | २०७५/०४/३० | २०७६/०२/२२ | |
| ४१ | श्री टेकनारायण पौडेल | २०७६/०२/२२ | २०७७/०२/२६ | |
| ४२ | श्री भीमप्रसाद भट्टराई | २०७७/०२/३० | २०७७/१२/३० | |
| ४३ | श्री सुनील खनाल | २०७८/०१/०१ | २०७८/५/११ | |
| ४४ | श्री शंकर वहादुर विष्ट | २०७८/०६/२० | २०७९/२/३१ | |



प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ४५ | श्री कल्पना श्रेष्ठ | २०७९/३/६ | २०८०/०३/०५ | |
| ४६ | श्री गोपालप्रसाद अर्याल | २०८०/०३/०७ | २०८१/०७/११ | |
| ४७ | श्री कल्पना घिमिरे नेपाल | २०८१/०७/१२ | २०८२/०७/३० | |
| ४८ | श्री कल्पना घिमिरे नेपाल | २०८२/०८/०१ | हालसम्म | |

१०. सेवा प्रवाहमा लाग्ने समय (टाईम कार्ड)

जिल्ला प्रशासन कार्यालयबाट प्रवाह गरिने सेवालाई छिटो, छरितो, सरल र सहज तरिकाले प्रदान गर्ने उद्देश्यले सेवा प्रवाह गर्दा लाग्ने समय तोकी मिति २०७९/१०/०३ गतेदेखि लागुहुने गरी तपशिल बमोजिम सेवा प्रवाहमा लाग्ने समय (टाईम कार्ड) लागू गरिएको थियो ।

| सि. नं. | सेवाको किसिम | लाग्ने समय (टाइम-कार्ड) | पुष्ट्याई |
|---|---|---|---|
| १ | नयाँ नागरिकता | ३० मिनेट | आवश्यक सबै कागजात संलग्नगरी तोकिएको प्रक्रिया पूरा भएको |
| | नागरिकता प्रतिलिपी | १५ मिनेट | |
| २ | राष्ट्रिय परिचयपत्र | १५ मिनेट | |
| ३ | राहदानी इनरोलमेन्ट | २० मिनेट | |
| ४ | नावालक परिचयपत्र | २० मिनेट | |
| ५ | संस्था दर्ता | १ कार्यदिन भित्र | |
| | संस्था नविकरण | १० मिनेट | |
| ६ | मुद्दाको पेशी/ तारिख | १५ मिनेट | |
| | मुद्दाको फैसला | ६० दिन | |
| ७ | हातहतियार नविकरण | १० मिनेट | |
| | हातहतियार नामसारी | २० मिनेट | |
| ८ | दलित, आदिवासी/ जनजाति प्रमाणित | १० मिनेट | |

११. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारीः

- कार्यालयमा पेश हुन आएका निवेदन/उजुरीको दर्ता गर्ने
- निवेदन/उजुरी उपर आदेशका लागि प्र.जि.अ.समक्ष पेश गर्ने ।
- रित अंग पुगेपछि टिप्पणीका माध्यमबाट प्र.जि.अ. वा प्रत्यायोजित अधिकार बमोजिम स.प्र.जि.अ.ले निर्णय गर्ने ।
- अर्धन्यायीक निर्णयहरूका हकमा प्र.जि.अ.ले निर्णय गर्ने ।

१२. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

| क्र.सं. | निर्णय गर्ने अधिकारी | उजुरी सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|
| १. | स.प्र.जि.अ. | प्र.जि.अ. | |
| २. | प्र.जि.अ. | सचिव, गृह मन्त्रालय | अर्ध न्यायिक निकायको हैसियतले गरेको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्ने । |

प्रमुख जिल्ला अधिकारी

## १३. सम्पादन गरेको कामको विवरणः आ.व. २०८२/०८३ बैशाख देखि असार मसान्तसम्मको प्रगति विवरणः

| क.सं. | सम्पादित क्रियाकलापहरु | | आ.ब. ०८२/८३ | | | कुल जम्मा (तीन महिनामा ) |
|---|---|---|---|---|---|---|
| | | | बैशाख | जेष्ठ | असार | |
| १ | नागरिकता वितरण | बंशज | १४०४ | १३७१ | ७३६ | ३,५११ |
| | | वैवाहिक अंगिकृत | ० | ० | १ | १ |
| | | आमाको नामबाट नेपाली नागरिकता | २ | ० | ० | २ |
| | | जन्मका आधारमा लिएका सन्तानलाई | ० | ० | ० | - |
| | | गैरआवसीय नेपाली नागरिकता | ० | ० | ० | - |
| २ | नागरिकता प्रतिलिपी वितरण | | ७७३ | ७४५ | ५८३ | २,१०१ |
| ३ | राहादानी | e-passport(Box magment) | ३ | १ | १ | ५ |
| | | Live enrolment | १२४ | १६९ | १०९ | ४०२ |
| | | राहादानी वितरण | १५४ | १२६ | १४० | ४२० |
| ४ | गुनासो तथा ठाडो उजुरी | | ५ | ० | ३ | ८ |
| ५ | नाम थर, उमेर आदि प्रमाणित | | ४१ | १२५ | ३५ | २०१ |
| ६ | नावालक परिचयपत्र | | १ | ५ | ६ | १२ |
| ७ | पारिवारिक पेन्सन, शपथ पत्र तथा सिफारिस | | ० | ० | ० | - |
| ८ | संस्था दर्ता सम्बन्धी | संस्था दर्ता | ० | २ | ० | २ |
| | | संस्था नवीकरण | २ | १ | ५ | ८ |
| | | संस्थाको विधान संशोधन | ० | ० | १ | १ |
| | | पत्रपत्रिका दर्ता | ० | ० | ० | - |
| ९ | हातहतियार सम्बन्धी | हातहतियार ईजाजत | ० | ० | ० | - |
| | | हातहतियार जिल्ला भित्रको नविकरण | १ | ० | ३० | ३१ |
| | | हातहतियार नेपाल भरिको नविकरण | ० | ० | १८ | १८ |
| | | हातहतियार नामसारी | ० | ० | ० | - |
| | | हातहतियार खरखजाना जफत | ० | ० | ० | - |
| १० | विष्फोटक पदार्थ सम्बन्धी | विष्फोटक पदार्थ इजाजतपत्र | ० | ० | ० | - |
| | | विष्फोटक पदार्थ इजाजतपत्र नविकरण | ० | ० | ० | - |
| ११ | अभद्र व्यवहार सम्बन्धि मुद्दा | सार्वजनिक अपराध र सार्वजनिक शान्ति विरुद्धका कसुर सम्बन्धी मुद्दा दर्ता | २ | १ | ० | ३ |
| | | सार्वजनिक अपराध र सार्वजनिक शान्ति विरुद्धका कसुर सम्बन्धी मुद्दा फछ्यौंट | १ | १ | ३ | ५ |
| १२ | एकीकृत घुम्ति सेवा शिविर | नागरिकता वितरण | ० | ० | ० | - |
| | | स्वास्थ्य सेवा प्रदान | ० | ० | ० | - |
| | | मतदाता परिचय पत्र | ० | ० | ० | - |
| | | अपाङ्ग परिचयपत्र सिफारिस | ० | ० | ० | - |
| | | कृषि सम्बन्धी परामर्श | ० | ० | ० | - |
| | | पशु सम्बन्धी परामर्श | ० | ० | ० | - |
| १३ | बजार अनुगमन | अनुगमन | १ | २ | ३ | ६ |
| | | कार्वाही | ० | ० | ० | - |
| १४ | विपद् राहात वितरण | विपदबाट पीडित राहत वितरण संख्या | ० | १२ | ८ | २० |
| | | राहत प्रदान रकम | ० | ११४००० | १०५००० | २१९,००० |
| १५ | राजस्व संकलन | राहदानी | ० | ८७०७५० | ५९०००० | १,४६०,७५० |
| | | हातहतियार | ० | ० | ९२५०० | ९२,५०० |
| | | संघ संस्था दर्ता नविकरण | ० | ४५०० | १४५०० | १९,००० |
| | | प्रशासनिक दण्ड जरिवाना | ० | ३००० | ० | ३,००० |
| | | धरौटी सदरस्यहा | ० | ० | २२५३०० | २२५,३०० |
| | | धरौटी प्राप्त | ० | २६००० | १३००० | ३९,००० |
| १६ | कार्यालयको खर्च विवरण | पुँजीगत तर्फ | ० | ० | १५३९५३५ | १,५३९,५३५ |
| | | चालु तर्फ | ० | १८६२१२० | २१६५३७६ | ४,०२७,४९६ |
| १७ | द्वन्द प्रभावितका लागि राहत वितरण | राहत प्राप्त गर्ने संख्या | ० | ० | ६ | ६ |
| | | वितरित राहत रकम | ० | ० | २०४००० | २०४,००० |



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | सडक दुर्घटना | संख्या | ० | ० | ० | - |
| | | मृत्यू संख्या | ० | ० | ० | - |
| | | घाईते संख्या | ० | ० | ० | - |
| १९ | सिमा व्यवस्थापन | सीमा अतिक्रमणका घट्ना | ० | ० | ० | - |
| | | गस्ती पेट्रोलिङ | ० | ० | ० | - |
| | | समन्वय बैठक | ० | ० | ० | - |
| २० | वेरुजु सम्परीक्षण | रु. अंकमा | ० | ० | ० | - |
| २१ | गुनासो सुनुवाई | गुनासो दर्ता | ८ | ३ | ४ | १५ |
| | | फछ्र्यौट संख्या | ८ | ३ | ४ | १५ |
| २२ | अ.दु.अ.आ. सम्बन्धी कारवाही | प्राप्त पत्र संख्या | ० | ० | ० | - |
| | | जवाफ पठाईएको संख्या | ० | ० | ० | - |
| | | कार्यालयमा प्राप्त उजुरी | ० | ० | ० | - |
| | | गरिएको कारवाही | ० | ० | ० | - |
| २३ | जिल्ला स्थित सुरक्षा समितिको बैठक | | ३ | ४ | ४ | ११ |
| २४ | जिल्ला स्थित कार्यालय प्रमुखको बैठक | | १ | १ | १ | ३ |
| २५ | सुचना माग सम्बन्धि | निवेदन प्राप्त(सूचना माग) संख्या | ० | १ | ० | १ |
| २६ | | सूचना दिईएको संख्या | ० | १ | ० | १ |
| २७ | राष्ट्रिय परिचय पत्र दर्ता | | ८६७ | २५८० | | ३,४४७ |
| २८ | राष्ट्रिय परिचय वितरण | | १३९ | ३१८ | | ४५७ |

## १४. एकिकृत घुम्ती शिविर कार्यक्रमः

यस जिल्ला प्रशासन कार्यालय, डोटीले २०८३ बैशाख देखि असार मसान्तसम्म एकिकृत घुम्ती शिविर कार्यक्रम सञ्चालन नगरेको ।

## १५. शान्ति सुरक्षा व्यवस्थापनः

जिल्ला प्रशासन कार्यालय, डोटीले जिल्लाको समग्र शान्ति सुरक्षा व्यवस्थापन र जिल्ला भ्रमणमा आउनुहुने अति उत्त पदस्थ पदाधिकारीहरूको आगमनलाई समेत मध्येनजर गर्दै जिल्ला सुरक्षा समितिको नियमित तथा आकस्मिक बैठक राख्दै आएको छ। जिल्लाभित्र शान्ति सुरक्षा र व्यवस्थालाई प्रभावकारी बनाउने, संवेदनशील अवस्थामा एकीकृत सुरक्षा संयन्त्र परिचालन गरी स्थितिलाई सामान्य बनाउने तथा एकीकृत सुरक्षा संयन्त्र परिचालनमा आपसी समन्वय र सहकार्यका लागि प्रक्रियागत सरलीकरण गर्ने उद्देश्यले जिल्ला सुरक्षा समितिको बैठकबाट जिल्लाको Crime Map सहितको एकिकृत रणनीतिक सुरक्षा योजना, चाडपर्व लक्ष्यित सुरक्षा योजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

प्रमुख जिल्ला अधिकारी

१६. जिल्ला प्रशासन कार्यालय, डोटीबाट भएका सिर्जनशील कार्यहरू:

यस जिल्ला प्रशासन कार्यालयले सेवाग्राहीहरूको सुविधा र हितलाई ध्यानमा राखी समय समयमा केही नयाँ तथा सिर्जनात्मक कार्यहरू गर्दै आएको छ, जसमध्ये केहि निम्न छन्:

१. सेवाग्राही हरूको लागि पिउने पानीको व्यवस्था,
२. फ्रि वाईफाईको व्यवस्था,
३. प्रतिक्षा हल तथा गोलघरको व्यवस्था,
४. प्रत्येक फाँटहरूमा कोठा नं., फाँटको नाम र सम्बन्धित अधिकारीको नाम र दर्जाको व्यवस्था,
५. कार्यालयको छुट्टै वेवसाइट, फेसबुक पेज तथा ट्वीटर ह्याण्डलमार्फत समयसमयमा कार्यालयका गतिविधिहरू सार्वजनिक गर्ने गरिएको,
६. अपांगमैत्री तथा पहुँचयोग्य कार्यालय,
७. गुनासो सुन्ने अधिकारी तथा सूचना अधिकारी तोकी फ्लेक्समार्फत सार्वजनिक,
८. एनालग तथा डिजिटल नागरिक वडापत्र,
९. इ-हाजिरीको व्यवस्था,
१०. लैंगिक तथा अपांगमैत्री शौचालय,
११. स्तनपान कक्षको व्यवस्था,
१२. हुलाकको माध्यमबाट घरदैलोमै राहदानी पुऱ्याउने व्यवस्था गरेको,
१३. एकद्वार प्रणाली बाट नागरिकता, राहदानी र राष्ट्रिय परिचयपत्र सम्बन्धि सेवा प्रवाह,
१४. राहदानी तथा राष्ट्रिय परिचयपत्रको अनलाईन आवेदन फारम कार्यालय भित्रबाटै निःशुल्क भर्ने व्यवस्था भएको ।

१७. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम, पद र सम्पर्क नं.:

| क्र.सं. | जिम्मेवारी | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | कार्यालय प्रमुख | कल्पना घिमिरे नेपाल | प्रमुख जिल्ला अधिकारी | ९८५८४३७७७७ |
| २. | गुनासो सुन्ने अधिकारी | कल्पना घिमिरे नेपाल | प्रमुख जिल्ला अधिकारी | ९८५८४३७७७७ |
| ३. | सूचना अधिकारी | सुरेन्द्र प्रसाद जोशी | ना.सु. | ९८६४३२३७३७ |

१८.अडियो नोटिस बोर्ड, वेवसाइट र पेजः

यस कार्यालयको आफ्नै अडियो नोटिस बोर्ड छैन । कार्यालयबाट सम्पादित हुने कामहरू र महत्वपूर्ण सूचनाहरू कार्यालयको वेवसाइट www.daodoti.moha.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

जिल्ला प्रशासन कार्यालय, डोटीले सञ्चालनमा ल्याएको फेसबुक पेज र ट्वीटर ह्याण्डल ।

Facebook: (https://www.facebook.com/DotiDAO)

Twitter: (https://twitter.com/DotiPrashasanor @DotiPrashasan

प्रमुख जिल्ला अधिकारी

१९.आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

| क्र.सं. | शिर्षक | बजेट उपशिर्षक | बार्षिक बजेट | खर्च रकम | बाँकी रकम | कै. |
|---|---|---|---|---|---|---|
| १ | पूँजीगत | जिल्ला प्रशासन | २६३६००० | २६१८९६६.६८ | १७०३३.३२ | |
| २ | पूँजीगत | रा.परिचयपत्र | ४६००० | ४६००० | ० | |
| | पुँजीगत जम्मा | | २६८२००० | २६६४९६६.६८ | १७०३३.३२ | |
| ३ | चालु | जिल्ला प्रशासन | २१६५५९८२ | १३६९८३०१.३० | ७९५७६८०.७० | |
| ४ | चालु | रा.परिचयपत्र | ९२९००० | ६६२२३६ | २६६७६४ | |
| | चालु जम्मा | | २२६१५९८२ | १४३१०३०१.३० | ८३०५६८०.७० | |
| | चालु र पुँजीगत जम्मा | | | | | |

ख) क२.६

| क्र.सं. | शिर्षक | बजेट उपशिर्षक | अ.ल्या गरिएको | यस वर्षको आम्दानी | खर्च | बाँकी मौज्दात रकम | कै |
|---|---|---|---|---|---|---|---|
| १ | विविध खाता | विविध ख २.६ | ८६४६६४४ | ७०८६३२.५ | १२४११८२.०५ | ८११४०९४ | |
| २ | विविध खाता | विविध ख २.६ प्रदेश | २८७७५००.०८ | १८७६५००० | २२५०० | २१६२०००० | |
| | पुँजीगत जम्मा | | ११५२४१४४.०८ | १९४७३६३२.०५ | १२६३६८२.०५ | २९७३४०९४.०८ | |

घ) राजस्व तर्फ

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | कूल आम्दानी | २४७०८०० | |
| २ | राजस्व खातामा दाखिला | २४७०८०० | |
| ३ | दाखिला गर्न बाँकी | ० | |

२०. कार्यालयले बर्गिकरण तथा संरक्षण गरेका सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी विवरण:

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम यस निकायमा रहेका सूचनाको संवेदनशीलताका आधारमा सार्वजनिक गर्न मिल्ने र नमिल्ने सूचनाहरूलाई छुट्याई सार्वजनिक गर्न मिल्ने सूचनाहरूलाई मात्र सार्वजनिक गर्ने गरिएको छ।

यस निकायले आफू समक्ष रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरू अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षणको प्रत्याभूति गरेको छ। कुनै व्यक्तिको जीवन वा सर्वसाधारणको स्वास्थ्य वा सुरक्षामा रहेको गम्भिर खतराको निवारण गर्ने सम्बन्धमा वा प्रचलित कानून बमोजिम प्रकट गर्नुपर्ने विषय भएमा वा भ्रष्टाचार नियन्त्रण गर्ने सम्बन्धमा बाहेक यस सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरू गोप्य नै रहनेछन्।

प्रमुख जिल्ला अधिकारी

२१. कार्यालयमा सूचना मागसम्बन्धी परेका निवेदन र सो उपर दिईएको विषयः

| क्र.सं. | सूचना माग गर्नेको नाम | सूचना माग गर्नेको ठेगाना | माग गरेको सूचना | उपलब्ध गराईएको सूचना | कै. |
|---|---|---|---|---|---|
| १. | इन्द्र शाही | शिखर-१ | १ | १ | - |

२२. कार्यालयका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरणः

यस जिल्ला प्रशासन कार्यालय, डोटी गृह मन्त्रालयको अधिनस्थ रहेको हुँदा उक्त मन्त्रालयबाट समेत यस कार्यालय सम्बद्व कतिपय सूचनाहरू पाउन सकिन्छ । यसका साथै कार्यालय सम्बद्व सूचनाहरू यस कार्यालयको वेवसाइट www.daodoti.moha.gov.np मा पनि पाउन सकिन्छ । समय समयमा यस कार्यालयका सूचनाहरू कार्यालयको आधिकारीक फेसबुक पेज 'जिल्ला प्रशासन कार्यालय, डोटी' (Doti Dao) तथा आधिकारीक ट्वीटर ह्याण्डल 'जिल्ला प्रशासन कार्यालय डोटी' (@DotiPrashasan) बाट पनि सार्वजनिक गर्ने गरिएको छ।

२३. सूचनाको हकसम्बन्धी महत्वपूर्ण जानकारीहरूः

१. संसारमा सूचनाको हकसम्बन्धी कानून जारी गर्ने पहिलो मुलुक स्वीडेन हो। सो मुलुकमा सन् १७६६ मा सूचनाको हकसम्बन्धी कानून जारी भएको हो। नेपालमा सन् २००७ (बि.सं. २०६४) मा सूचनाको हकसम्बन्धी कानून जारी भयो।

२. सन् १९४८ मा जारी विश्वव्यापी मानव अधिकार घोषणापत्रको धारा १९ मा प्रत्येक व्यक्तिलाई सूचना माग्ने, पाउने र प्रवाह गर्ने हकको व्यवस्था गरिएको छ । तर, नेपालको संविधानमा नेपाली नागरिकलाई सूचना माग्ने र पाउने हकको व्यवस्था गरिएको छ।

३. क्यानडामा रहेको सेन्टर फर ल एण्ड डेमोक्रेसी नामक गैरसरकारी संस्थाले विश्वका १११ ओटा सूचनाको हकसम्बन्धी कानूनलाई मूल्यांकन गरी विश्व वरियताको सूची सार्वजनिक गरेको छ । जसअनुसार नेपालले कुल १५० पूर्णाङ्कमा १०४ अंक प्राप्त गरी २७ औं स्थान ओगटेको छ। विश्वकै उत्कृष्ट सूचनाको हकसम्बन्धी कानून जारी गर्ने मुलुकमा मेक्सिको परेको छ।

४. नेपालको सूचनाको हकसम्बन्धी कानून बमोजिम सूचना दिन अटेरी गर्ने पदाधिकारीलाई रु. पच्चीस हजारसम्म जरिवाना हुन्छ।

५. 'इन्टरनेशनल राइट टू नो डे' बुल्गेरियाको राजधानी सोफियाबाट सन् २००२ को सेप्टेम्बर २८ बाट आरम्भ भएको हो। सन् २०१६ देखि यस दिवसको नाम 'इन्टरनेशनल डे फर यूनिभर्सल एक्सेस टू इन्फरमेशन' मा रुपान्तरित भएको छ।

६. नेपालमा सूचनाको हकसम्बन्धी कानून २०६४ श्रावण ५ मा व्यवस्थापिका संसदबाट प्रमाणीकरण भएकोमा २०६४ भाद्र ३ देखि लागु भएको हो । जसअनुसार प्रत्येक बर्ष भाद्र ३ गतेलाई राष्ट्रिय सूचना दिवसको रुपमा मनाइन्छ।

प्रमुख जिल्ला अधिकारी

७. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ बमोजिम सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलनको लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने कानूनी व्यवस्थाअनुसार २०६५ बैशाख २२ गते आयोगको स्थापना भएको हो।

८. सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक निकायको परिभाषाभित्र पर्ने सरकारी कार्यालय, राजनीतिक दल, गैरसरकारी संस्था, निजी क्षेत्र र कानूनद्वारा स्थापित सार्वजनिक निकायहरूले आफ्नो निकायको ३/३ महिनाको विवरण सार्वजनिक गर्नुपर्छ। ती निकायहरूले सूचना अधिकारी तोक्नुपर्छ । साथै कम्तिमा २० बर्षसम्मका सूचनाहरू अद्यावधिक गरी राख्नुपर्दछ ।

२४. सम्पर्क

**सम्पर्कः**

| | |
|---|---|
| कार्यालयको नामः | **जिल्ला प्रशासन कार्यालय, डोटी।** |
| ठेगानाः | दिपायल सिलगढी न.पा.-६, सिलगढी, डोटी। |
| फोन नं.: | ०९४-४२०१३३<br>०९४-४२०१५१<br>०९४-४२०१०८ |
| फ्याक्स नं.: | ०९४-४११२११ |
| ई-मेलः | daodoti@moha.gov.np<br>abhilekh.doti@gmail.com<br>dao.doti68@gmail.com |
| वेव पेज | Web-Site : www.daodoti.moha.gov.np |

प्रमुख जिल्ला अधिकारी

**-- समाप्त --**